# स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना

# (Local Disaster and Climate Resilient Plan)

गोसाईकुण्ड गाउँपालिका , रसुवा
बागमती प्रदेश
तयार मितिः २०८२

**निर्माण निर्देशिका :** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका (मस्यौदा) २०७४(Local Disaster and Climate Resilience Planning Guidelines (LDCRP - 2074)

**दस्तावेज :** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०८२ गोसाईकुण्ड गाउँपालिका, रसुवा

**सर्वाधिकार :** गोसाईकुण्ड गाउँपालिका, रसुवा

# विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावली

| **नेपाली शब्द** | **अङ्ग्रेजी शब्द** |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Management |
| सामना क्षमता | Coping Capacity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्व सचना प्रणाली | Early Warning System |
| वातावरणनीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पुर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उत्थानशील | Resilient |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofiting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| सङ्कटासन्न/सङ्कटासन्नता | Vulnerable/Vulnerability |

# विषय सूचि

खण्ड-१: परिचय 1

१. पृष्ठभूमी 1

१.१ गोसाइकुण्ड गाउँपालिकाको परिचय 1

१.२ योजनाको परिकल्पना, ध्येय, लक्ष्य 1

१.३ योजनाको उद्देश्य 2

१.४ योजनाको आवश्यकता तथा महत्व 2

१.५ योजनाको सीमा 3

१.६ योजना निर्माण प्रक्रिया विधि 3

१.७ योजना कार्यान्वयन रणनीति 4

१.८ योजनाको स्वीकृति 5

१.९ बजेट व्यवस्था 5

१.१० योजना कार्यान्वयन 5

१.११ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन 5

खण्ड २: वडाको सामान्य परिचय 6

२.१ भौगोलिक तथा प्राकृतिक अवस्था 6

२.२ हावापानी 6

२.३ सामाजिक अवस्था 6

२.४ जनसांख्यिक अवस्था

खण्ड-३: प्रकोप, जोखिम, सङ्कटासन्नता र क्षमता विश्लेषण 7

३.१ सङ्कटासन्नता स्तरीकरण 7

३.१.१ ऐतिहासिक समयरेखा विश्लेषण फारम (विगत ३० वर्षको विवरण लिने) 7

३.१.२ प्रकोप पहिचान तथा स्तरीकरण 9

३.१.३ प्रकोप, मौसमी तथा बालीपात्रो 11

३.१.४ वडाको सङ्कटासन्नता स्तरीकरण 15

३.२ प्रकोप विश्लेषण

३.२.१. लक्षित समूह छलफल: 16

३.२.२ जोखिम र समस्या विश्लेषण 20

३.३ वडाको क्षमता विश्लेषण 25

३.३.१ स्रोतको उपलब्धता तथा पहुँच 26

३.३.२ विपदका समयमा आवश्यक मानवीय श्रोतको विवरण

३.३.३ विपद प्रतिकार्यका लागि साझेदार/सहयोगी निकायको क्षमता र अभावहरु 29

३.३.४ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन 30

३.३.५ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र 30

३.४ जोखिम पहिचान 33

३.५.१. जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण 35

खण्ड ४ : विपद् जोखिम व्यवस्थापन योजना 37

४.१ विपद् पूर्वका क्रियाकलापहरु 38

४.१.१ नीतिगत व्यवस्था तथा निर्णय 38

४.१.२ : जनचेतना तथा क्षमता अभिबृद्धि 41

४.१.३ : जोखिम न्यूनीकरण 44

४.१.४: आपत्कालीन पूर्वतयारी 46

४.१.५ विपदका समय र प्रतिकार्यका क्रियाकलापहरु 47

४.१.६ विपदका पश्चात पुनर्लाभका क्रियाकलापहरु 52

अनुसूचीहरु 54

अनुसूची १: वडा स्तरीय स्थानीय विपद् व्यवस्थापन समितिको विवरण 54

# खण्ड-१: परिचय

## १. पृष्ठभूमी

### १.१ गाउँपालिकाको परिचय

गोसाईकुण्डगाउँपालिकानेपालको बागमती प्रदेश अन्तर्गतरसुवा जिल्लाको उत्तरी भेगमा अवस्थित रहेको छ । योगाउँपालिका २०७३ सालमा रसुवा जिल्लाको साविकका छ ओटा गाविसहरु (थुमन, टिमुरे, बृद्दिम, लाङटाङ,स्याफ्रु र धुन्चे) मिलेर बनेको गाउँपालिका हो । रसुवा जिल्लाको सदरमुकाम धुन्चे यसै गाउँपालिकामा पर्दछ । यस गाउँपालिकाको कार्यलय वडा नं ५ स्याफ्रुमा रहेको छ ।
समुद्र सतहबाट १०१८ मिटरदेखि ७१८८ मिटरसम्मको उचाइमा अवस्थित रहेको यस गाउँपालिकाले कुल ९८७.७७वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ । यो गाउँपालिका तिब्बतको सिमाना नजिकमा पर्दछ । यस गाउँपालिका पूर्वमा सीन्धुपाल्चोक जिल्लाले घेरिएको छ भने दक्षिणमानौकुण्ड र कालिका गाउँपालिका पर्दछन् । त्यसैगरि पश्चिममा उत्तरगया र आमाछोदिङ्गमो गाउँपालिका पर्दछन् भने उत्तरमा चिनसंगको ब्यापारिक नाका रसुवागढि नाका पर्दछ ।

गोसाईकुण्ड गाउँपालिकामा धार्मिक महत्व बोकेको प्रसिद्ध गोसाईकुण्ड तिर्थस्थल रहेको छ साथै नेपालको तस्रो पर्यटकिय गन्तब्य लाङटाङ राष्ट्रिय निकुन्जको केहि भाग र लाङटाङ हिमाल पनि यस गाउँपालिकामा नै रहेको छ । गोसाईकुण्डगाउँपालिका एक पर्यटकिय र व्यापारिक केन्द्रको रुपमा परिचित चारैतिर हरीयाली, सुन्दर झरना तथा ग्रामीण परिवेशले सजिएको पर्यटकीय स्थलको रुपमा सुपरिचित छ । प्रमुख धार्मिक स्थल मानसरोवर जाने आन्तरिक तथा बाह्य तिर्थयात्री अथवा पर्यटकहरू यसै स्थानबाट तिब्बत हुँदै मानसरोवर वाने गर्दछन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ र जम्मा जनसंख्या ७१४३ रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा साना व्यापार व्यवसाय, साना उद्योग, सेवामूलक व्यवसाय, नोकरी हुन् । यसको साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक कृषि प्रणाली र जीवनशैलीको खोजिमा छन् ।

यसगाउँपालिकामा पठनपाठनका लागि आधारभुत विद्यालय १४, मा.वि (कक्षा १-१०) सम्मको २ वटा सामुदायिक र ३ संस्थागत गरी १९ वटा रहेका छन् । त्यस्तै मा.वि १-१२ तह सञ्चालित २ वटा रहेका छन् ।

यो गाउँपालिका विपद्को दृष्टिले जोखिमपूर्ण मानिन्छ । भौगोलिक हिसाबले उच्च र हिमाली क्षेत्रमा पर्ने यस गाउँपालिकाको स्याफ्रु र टिमुरे सडक खण्डमा पहिरोको उच्च जोखिम रहेको छ । यस गाउँपालिकामा भूकम्पसँगै पहिरो, चट्याङ, आगलागी, असिना र महामारी तथा डढेलो जस्ता प्रकोपको जोखिमहरु रहेका छन् । यस्ता प्रकोपको जोखिममा रहेका र समुदायका अन्य व्यक्ति सँग-सँगै बालबालिकाहरु, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठनागरिक, दिर्घ रोगी र गर्भवती महिलाहरुलाई समेत लक्षित गरी विपद् पूर्व, विपद् पश्चात्का क्रियाकलापहरुलाईसम्बोधन गरी कार्यान्वयन गर्नु अति आवश्यक छ ।

### १.२ योजनाको परिकल्पना, ध्येय, लक्ष्य

#### परिकल्पना

विपद् तथा जलवायु उत्थानशिल गाउँपालिकाको रूपमा स्थापित गर्ने।

#### ध्येय

विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई विकासमा मुलप्रवाहीकरण गर्ने र अति सङ्कटासन्न वर्गको विपद व्यवस्थापनका सबै चरणमा सहभागिता सुनिश्चित गरि विपद तथा जलवायु उत्थानशील समुदाय निर्माण गर्ने रहेको छ।

**लक्ष्य**

विपद्बाट हुने जनधनको क्षतिलाई कम गर्न साथै सहभागितामूलक प्रक्रियाबाट पहिचान गरिएका मुद्दाहरूलाई योजनाको रूप दिई पूर्वतयारीका कार्य गर्ने, जीविकोपार्जन अभिवृद्धि गर्ने र विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई विकास योजनाहरूमा मुलप्रवाहीकरण भएको सुनिश्चित गर्ने रहेको छ।

## १.३ योजनाको उद्देश्य

गाउँपालिका स्तरिय स्थानिय विपद् तथा जलवायु उत्थानशील योजनाका उद्देश्यहरु यसप्रकार रहेका छन्:

- प्रकोप र विपद् सम्बन्धी सचेतना अभिवृद्धि गर्दै स्थानिय विपद व्यवस्थापन समितिको क्षमता विकास गर्ने।
- विपद्मा कार्य गर्ने स्थानीय संघसंस्था, निकाय र सरोकारवालाहरुको क्षमता विकास गरी उत्तरदायी बनाउने।
- स्थानीय सरकार, सरोकारवाला र विशेष गरी समुदायको प्रत्यक्ष एवंम् सक्रिय सहभागिता अभिवृद्धि गरी विपद् जोखिम न्युनीकरण तथा प्रतिकार्यका कार्यलाई प्रभावकारी बनाउने।
- प्रकोप, जोखिम र सामाजिक स्रोत नक्साङ्कनको आधारमा प्रकोप, सङ्कटासन्नता र क्षमताको पहिचान गरी विपद् जोखिम न्युनीकरणका कार्यहरु संचालन गर्ने।
- विपद् संकटासन्न समुदाय साथै पारिस्थितिकीय प्रणालीहरूको जोखिमता र अनुकूलन क्षमताको विश्लेषण गरी अनुकूलन क्षमतामा अभिवृद्धि गर्ने।
- सम्बन्धित निकायहरू बीच विपद व्यवस्थापन मूलप्रवाहीकरणका निम्ति समन्वय गराउनु साथै अनुकूलन योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गराउने।
- विपद् सम्बन्धि प्रविधिहरूको प्रदर्शनी, प्रवर्द्धन एवंम् अभ्यास गराउने।

## १.४ योजनाको आवश्यकता तथा महत्व

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन अन्तर्गत गरिने विभिन्न चरणका कार्यहरुलाई व्यवस्थित गर्नका लागिस्थानियस्तरमा तर्जुमा गरिने विकास योजनाहरुको मुख्य भागका रुपमा यो योजना कार्यान्वयन हुनेछ। विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निमित्त विकासका हरेक गतिबिधिहरुमा सुरुदेखि अन्तिमसम्म विपद् व्यवस्थापन र दीगो विकास अवधारणासित समायोजन गरी समुदायको प्रत्यक्ष र सक्रिय सहभागितामा कार्य गर्नुपर्दछ।

- स्थानियविपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा हुने र विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि गाउँपालिकास्तरमा संस्थागत संरचना तयार हुने।
- गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सूचनाको पहुँच रहने।
- बहुजोखिम तथा क्षमता विश्लेषण, योजना निर्माण, कार्यान्वयन र अनुगमनमा समुदायको प्रत्यक्ष सहभागिता रहने।
- गाउँपालिकास्तरमा विपद पूर्वतयारी तथा प्रतिकार्य समूह निर्माण हुने र आवश्यक पर्दा परिचालन गर्न सकिने अवस्थामा रहने।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना हुने।

- समुदायले व्यवस्थापन गरेका स्रोतहरुमा समान पहुँच हुने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्युनिकरणका उपायहरु अवलम्बन गरिने ।
- समुदायमा आधारित पूर्वचेतनावनी प्रणालीको स्थापना हुने भएकोले समुदाय सुरक्षित रहन मद्दत पुग्ने ।
- विपद् पूर्व, विपद्को समयमा र विपद् पछिको समयमा समेत मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्दत पुऱ्याउने ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता प्रदान गर्ने ।
- उद्दार तथा राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्ने ।
- क्षेत्रगत रुपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावना विकास गराउने ।

## १.५ योजनाको सीमा

यस योजनाका निम्नानुसारका सीमाहरु रहेका छन् ।

- यस योजनाको कार्यान्वयन गाउँपालिकाको आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा गर्ने भएकोले एकैपटक कार्यान्वयन नभइ विकास निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छ ।
- यो योजना स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा) को अनुसार तयार पारिएको छ । यस योजना कार्यान्वयनका लागि गाउँपालिकाको आवश्यक जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नुपर्ने हुन्छ ।
- यस योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको उपलब्धता स्थानीय स्तरमा न्यून रहन पनि सक्छ र दक्ष जनशक्ति विकास गर्न समय लाग्नसक्छ ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको क्रममा आवश्यक पर्ने विभिन्न सूचना तथा तथ्यहरु संकलन गर्न केही कठिनाइ भएको छ । यस योजनाको कार्यान्वयन, व्यवस्थापन र अद्यावधिक गर्नका लागि गाउँपालिकाको पार्श्वचित्र (Municipality Profile)तयार गरी राखिने छ । यसका लागि आवश्यक पर्ने स्रोत परिचालन गर्न आवश्यक छ । जलवायु परिवर्तनका असर तथा अनुकूलनका प्रयास सम्बन्धी सूचनाहरू समुदायको अनुभव र छलफलबाट संकलन गरिएको हो । स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्दा निर्धारण गरिएका कार्ययोजना कार्यान्वयन तथा व्यवस्थापनका लागि कुनै एक पक्षको सहयोग, स्रोत, साधन र क्षमता मात्र पर्याप्त नहुने भएकोले यसलाई कार्यान्वयन गर्नका लागि संस्थागत विश्लेषणका आधारमा विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले समन्वय तथा सहकार्य गर्नु पर्नेछ ।

## १.६ योजना निर्माण प्रक्रिया विधि

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" (मस्यौदा) अनुसार यो योजना तर्जुमा गर्दा गाउँपालिकाका सङ्कटासन्न र अपाङ्गता भएको व्यक्तिहरु समेतकोप्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुनेगरी समावेशी, सहभागितामूलक र यथार्थपरक बनाउन निम्न अनुसारका प्रक्रियाहरू अवलम्बन गरिएका छन् ।

**गाउँपालिकास्तरिय सूचना संकलन:**गाउँपालिकास्तरीय विपद् व्यवस्थापन योजना निर्माण तथा अभिमुखीकरणका क्रममा सहभागीहरूबाट सहभागितामूलकसूचनाको सङकलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सूचना, सम्पन्नता स्तरीकण, टोलमा हुने प्रकोपहरू र विपद्को ऐतिहासिक विवरण संकलन गरिएको थियो साथै टोलमा के काम

कहाँ गर्ने भन्ने सवालमा पनि सूचना संकलन गरिएको थियो । उक्त सूचनालाई गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन गरी सूचना संकलन गरिएको थियो ।

**सङ्कटासन्नता तथा क्षमता विश्लेषण:** गाउँपालिकाको विपद् सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्य गरियो । सङ्कटासन्नता तथा क्षमता विश्लेषण गर्न विभिन्न औजारहरू (VCA Tools) को प्रयोग गरिएको थियो । सामाजिक तथा प्रकोपको नक्शाङ्कन, ऐतिहासिक तथ्याङ्क, स्तरीकरण, स्रोतको विश्लेषण, मौसमी पात्रो,संस्थागत विश्लेषण, प्रत्यक्ष अवलोकन तथा भेटघाट छलफल औजारहरूको प्रयोग गरिएको थियो ।

**सङ्कटासन्नता तथा क्षमता विश्लेषणको पुनरावलोकन:** अभिमुखीकरणमा सहभागी भएका सहभागीहरूले टोल टोलमा गएर सहभागिमूलक रूपमा सूचनाको संकलन तथा सङ्कटासन्नता तथा क्षमता विश्लेषण गर्न विभिन्न औजारहरू (VCA Tools) को प्रयोग गरी आएको विवरणहरूको गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन गरिएको थियो । सल्लाह सुझाव र पृष्ठपोषण कार्यशालामा सहभागिहरूबाट प्राप्त भएका विवरणहरू थपघट गरिएको थियो ।

**गाउँपालिकास्तरीय योजना बैठक:** योजना निर्माण गर्नको लागि गाउँपालिकामा २ दिने योजना बैठक संचालन गरिएको थियो । सहभागिहरूबाट आएको सूचनाको आधारमा गाउँपालिकास्तरीय योजना तयार गरिएको हो । सहभागीतामूलक रूपमा विभिन्न प्रकोपको असरहरू कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद् पहिले के-के कार्य गर्ने, विपद् भै हालेको अवस्थामा के-के कार्यहरू गर्ने र विपद् पश्चात के-के कार्य गर्ने भन्ने सर्न्दभमा विस्तृत छलफल तथा समुह कार्य गरिएको थियो ।

**योजना लेखन कार्य**: सहभागिहरुबाट आएको सूचना र योजना बैठकमा गरिएको योजनाको आधारमा विपद् व्यवस्थापन समितिबाट योजना लेख्ने कार्य सम्पन्न भएको थियो ।

**योजनाको प्रस्तुती र सुझाव संकलन गोष्ठी:** खाकाको रूपमा तयार गरिएको योजनालाई पुनः गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा एक दिने गोष्ठीको आयोजना गरी छलफल गरिएको थियो । गोष्ठीका सहभागीहरूले योजनामा थप्नुपर्ने बुँदाहरू र आवश्यक सल्लाह सुझाव दिएका थिए ।

## १.७ योजना कार्यान्वयन रणनीति

गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिले तयार गरेको यस योजनालाई गाउँपालिका परिषदबाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।

- यस योजनालाई वैधानिकता दिनका लागि गाउँपालिकाभेला वा परिषद्मा छलफल गरिनेछ ।
- स्थानीयस्तरका दक्ष तालिमप्राप्त जनशक्ति परिचालन गर्दै विपद् व्यवस्थापनका लागि समुदाय समेतको सहभागिता गराई उनीहरूको क्षमता विकास गरिने छ ।
- परम्परागत सीप, कलाकौशल, तथा क्षमतालाई उजागर गरी विपद् व्यवस्थापनका लागि प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- योजनाको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्यांकनका लागि स्थानिय विपद् व्यवस्थापन समितिलाई परिचालित गराइने छ ।
- प्रत्येक वर्ष यस योजनाको पुनरावलोकन गरी वार्षिक योजना तयार पारिने छ र पाँच वर्षमा योजनाको वृहत् पुनरावलोकन गरी अद्यावधिक गरिने छ ।

## १.८ योजनाको स्वीकृति

स्थानिय विपद् व्यवस्थापन समितिबाट तयार भएको स्थानिय विपद् तथा जलवायु उत्थानशील योजनालाई गाउँपालिकाको आवश्यक प्रक्रिया पूरा गरी गाउँपालिकाको परिषद्बाट स्वीकृत गरिने छ ।

## १.९ बजेट व्यवस्था

- स्वीकृत योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनको लागि गाउँपालिकाले बजेट विनियोजन गर्नेछ ।
- योजना कार्यान्वयनको लागि गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ ।

## १.१० योजना कार्यान्वयन

स्थानिय विपद् व्यवस्थापन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

- स्वीकृत विपद् तथा जलवायु उत्थानशील योजना स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिइनेछ ।
- स्थानिय विपद् व्यवस्थापन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

## १.११ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

- यस योजना कार्यान्वयनको लागि स्थानिय विपद् व्यवस्थापन समितिले नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।
- योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्दा, गाउँपालिकाअर्न्तगत सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि तयार गरीएका सूचक बमोजिम अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने छ ।
- गाउँपालिकाले यस योजनाको पुनरावलोकन तथा समिक्षा प्रत्येक वर्षमा गर्ने छ । साथै उक्त योजनालाई प्रभावकारी वनाउन प्रत्येक ५ वर्षमा वृहत् पुनरावलोकन गरी अद्यावधिक गरिने छ ।

# खण्ड २: गाउँपालिकाको सामान्य परिचय

गोसाईकुण्ड गाउँपालिका नेपालको बागमती प्रदेश अन्तर्गत रसुवा जिल्लाको उत्तरी भेगमा अवस्थित रहेको छ । योगाउँपालिका २०७३ सालमा रसुवा जिल्लाको साविकका छ ओटा गाविसहरु (थुमन, टिमुरे, बृद्दिम, लाङटाङ,स्याफ्रु र धुन्चे) मिलेर बनेको गाउँपालिका हो । रसुवा जिल्लाको सदरमुकाम धुन्चे यसै गाउँपालिकामा पर्दछ । यस गाउँपालिकाको कार्यलय वडा नं ५ स्याफ्रुमा रहेको छ ।
समुद्र सतहबाट १०१८ मिटरदेखि ७१८८ मिटरसम्मको उचाइमा अवस्थित रहेको यस गाउँपालिकाले कुल ९८७.७७वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ । यो गाउँपालिका तिब्बतको सिमाना नजिकमा पर्दछ ।  यस गाउँपालिका पूर्वमा सीन्धुपाल्चोक जिल्लाले घेरिएको छ भने दक्षिणमा नौकुण्ड र कालिका गाउँपालिका पर्दछन् । त्यसैगरि पश्चिममा उत्तरगया र पार्वतीकुण्ड गाउँपालिका पर्दछन्  भने उत्तरमा चिनसंगको ब्यापारिक नाका रसुवागढि नाका पर्दछ ।

## २.१ भौगोलिक तथा प्राकृतिक अवस्था

गोसाइकुण्ड गाउँपालिकाको कुल क्षेत्रफल  ९८७.८ वर्ग कि.मि. छ । माटोको बनावट र उर्वराशक्तिको हिसाबले यो गाउँपालिका मध्यम तथा हावापानीको लागि चिसो भएतापनि उपयुक्त र राम्रो जलाधार भएको गाउँपालिका हो । गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा कोदो, मकै, मास, गहुँ, फापर, आलु, आदी हुन् भने सिमित स्थानमा धान उत्पान हुन सक्ने माटोको बनावट रहेको छ । यस गाउँपालिका समुद्री सतहबाट १०८८ मिटरदेखि ७१८८ मिटर सम्मको उचाईमा अवस्थित रहेको छ । यो गाउँपालिका नेपालको मानचित्रमा २८डिग्री १३ मिनेट १.१८ सेकेण्ड देखि २८ डिग्री २० मिनेट १३ सेकेण्ड उत्तरी अक्षांससम्म र ८५ डिग्री २१ मिनेट  २८.५७ सेकेण्ड देखि ८५ डिग्री ३३ मिनेट २८ सेकेण्ड  पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ ।

## २.२ हावापानी

जलवायुको हिसाबले यस गाउँपालिकामा समसितोष्ण देखि चिसो प्रकारको प्रदेशीय हावापानी पाइन्छ र अधिकांशसमय चिसो नै हुने गर्दछ । हिँउदमा धेरै भागमा हिँउ र केहि भागमा तुसारो समेत पर्ने गर्दछ । धेरैजसो भाग जङ्गलले ढाकेको हुनाले यहाँ अत्याधिक पानी पनि पर्ने गर्दछ । गुँराश,उत्तिस,खोल्मे, निँगाला,सल्ला,लोठ सल्ला लगायतका धसिङ्गरे,अर्घेली,लोक्ता,अलैंची जस्ता जडिबुटि तथा वनस्पतिहरु पनि पाइन्छ

## २.३ सामाजिकअवस्था

यस गोसाईकुण्डगाउँपालिकामा जम्मा २०३८ घरधुरी रहेकोछ । महिला ३८१५ र पुरुष ३९७३ गरी जम्मा जनसंख्या ७७८८ रहेको छ ।  यस गाउँपालिकामा तामाङ जातीको बाहुल्यता भएता पनि अन्य जातजातीको पनि बसोबास रहेकोछ ।

# खण्ड-३: प्रकोप, जोखिम, सङ्कटासन्नता र क्षमता विश्लेषण

## ३.१ सङ्कटासन्नता स्तरीकरण

### ३.१.१ ऐतिहासिक समयरेखा विश्लेषण फारम (विगत ३० वर्षको विवरण लिने)

गोसाईकुण्ड गाउँपालिकामा विगतमा प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको छ। यस विधि विश्लेष्ण गर्दा शिक्षकहरु, ज्येष्ठ नागरिक र लामो समयदेखि सोही समुदायमा बसेका व्यक्तिसंग छलफल गरिएको थियो। यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय र प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकियो र विपद्जोखिमव्यवस्थापनकाक्रियाकलापरकार्य समयनिर्धारणगर्नेआधार बनाउन सहज भएको छ।

| वडा | विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | सूचना पुष्ट्याँइ को विधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | डढेलो | २०६०-६५ | थुमन जँगल | वन्यजन्तु क्षति | | | | वन क्षति | |
| | हावाहुरी | सालैपिच्छे | थुमन वडा | घरहरुको छाना उडाउने | | १५ लाख जति क्षति | | | |
| | पहिरो | २०३५,भदौ | वायसा,च्याङवाङग ो,मेन्दोगाङ | | १ माने क्षति | १ करोड बराबरीको खेतबाली क्षति | | प्राकृतिक दोहन | |
| | भुकम्प | २०७२ | थुमन वडा | पुरैं घरहरुमा क्षति | | | ७ जना व्यक्ति मृत्यु भयो। -२ जना गाँउमा -४ जना लाङटाङम ा -१ ज्ना काठमाँडौ | सुख्खा पहिरो | |
| | वन्यजनतु आकमण | २०५६,कार्ति क, मँसिर | थुमन | | | | २ जनालाइ क्षति | | |
| | हिमपात | २०६४, पुस, माघ | मेन्दो, थुमन | गोठमा क्षति | | १३ वटा पशुहरुका क्षति | | | |
| २ | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | आगलागी | २०५६ | बृदिम, क्षेत्र च्याङवल | | | | २ जनाको ज्यान गयो<br>-१ म.<br>-१ पु. | १० हेक्टर जति वनविनाश | |
| | हावाहुरी | २०७०,०७१ | बृदिम वडा | | | ६वटा जति घरको छाना उडाइयो | | | |
| | पहिरो | २०६६ | धुइफुङ जङगल | | | | | वनक्षेत्रको विनास | |
| | भकम्प | २०७२ | बृदिम वडा | पुरैं घरहरु भत्कियो<br>-३ वटा पुल | -६ वटा गम्बा पुर्णरुपमा क्षति<br>-९ वटा माने जति क्षति पुगेको छ। | २० करोड भन्दा माथी क्षति भयो। | १० जना व्यक्ति मृत्यु भयो। | सुख्खा पहिरो | |
| | वन्यजनतु आकमण | २०६०, २०६५ | स्थानिय क्षेत्र सेपा गाँउ | | | ५,६ लाख सम्मको जिवजनाव र खाने बाँदर , दुम्सी, बदेल र मृगलृे बालीनाली वर्षेनी क्षती गरेृको। (वर्षेनी १०,१५ लाख क्षती हुन्छ।) | | | |
| ४ | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| ५ | बाढि | २०३० | भोटेकोशी, स्याफ्रुबेशी | पाखा, पाखाबारी पहिरो | काठेपुल बगाएको | | २ जनाको ज्यान गयो | सानोतिनो जग्गा बगाएको, खुर्सानी, मकै, कोदो, गोलभेडा तरकारी क्षति भएको। | स्थलगत अध्ययन, प्रश्नावलि बिधि |
| | आगलागी | २०३७ बैशाख | ठुलोस्याफ्रु, | १२ वटा घर जलेर पुर्ण क्षति | | करिब १५ करोड जति क्षति भएको | बाखा ४ वटा र गाई, गोरु ५ वटा | वायु प्रदुषण भएको | |
| | पहीरो | २०५७ भदौ | स्याफ्रुबेशी बजार, बम्बु | घर होटल क्षति | | २ देखी ३ करोड | | वनक्षेत्रको विनास, | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बराबरको क्षति | | जमिनको बिनास | |
| | पहिरो | २०६६ | स्याफ्रुबेशी | १ घर क्षति | बिद्यालय क्षति | ५० लाख जति क्षति | | जमिनको बिनास | |
| | भुकम्प | २०७२ | स्याफ्रु | २६ घरहरु भत्कियो -३ वटा पुल | - गम्बा पुर्णरुपमा क्षति बिद्यालयमा क्षति | २० करोड भन्दा माथी क्षति भयो । | ५ जनाको मृत्यु | सुख्खा पहिरो | |
| | सवारी दुर्घटना | २०७५ भदौ | याङयाङ खोला | १ ट्रक क्षति | सडकको बारहरुमा क्षति | ` करिब ४० लाख क्षति | ४ जनाको मृत्यु | | |
| ६ | आगलागी | २०७२ | विमाली, बोगेझुन्डा | ३ घर क्षति | | ४५ लाख जति क्षति | १ जनाको ज्यान गयो -१ म. | | |
| | हावाहुरी | २-३ वर्षको अन्तरमा | धुन्चे वडा | १०० घर जति क्षति हाल सम्म | | ३ लाख भन्दा बढी क्षति भयो । | | वनजँगल क्षति, बाटोमा अवरोध । | |
| | पहिरो | २०५०,२०६०,२०७०,२०७५ | मुलखार्का, याङछयाङ, खार्मांचेत, घिघाङ, विमाली, केव, रिसाङ डाडा, ब्रबाल भीर | बाटोघाटो क्षति | | १ करोड भन्दा माथी क्षति भयो । | १ख जना बालकको मृत्यु | वनक्षेत्रको विनास, जग्गा जमिन को क्षति | |
| | भुकम्प | २०७२ | धुन्चे वडा | पुरैं घरहरु क्षति - गोम्चेत बास्तीनै विस्तापित । | पाटीपौवाहरु भत्कियो । | २० करोड भन्दा माथी क्षति भयो । | १४ जना व्यक्ति मृत्यु भयो । | सुख्खा पहिरो | |

ऐतिहासिक समय रेखाको सूचनालाई हेर्ने हो भने भूकम्पले विगतका वर्षहरूमा सामान्य मात्र क्षति गरेको भएता पनि पछिल्लो पटक २०७२ सालको भूकम्पले यस गाउँपालिकामा जनधनको क्षति गर्‍यो । त्यसैगरी विगतको ईतिहासमा पहिरो, चट्याङ, आगलागी, बाढी खहरे, असिना आदिले पनि क्षति गर्ने गरेको छ । यसका साथै जनावर आतंक ले पनि यस गाउँपालिकामा असर गर्ने गरेको छ । यसरी यस गासाईकुण्डगाउँपालिकाको एतिहासिक समय रेखालाई हर्ने हो भने बारम्बार दोहोरिरहने प्रकोपका घटनाको रुपमा पहिरो, चट्याङ, हावाहुरी, बन्यजन्तु आक्रमण तथा आगलागी देखिन्छ । यस गाउँपालिको ऐतिहासिक विवरण अनुसार पछिल्ला ३० वर्षमा पहिरोको क्रमहरु बढ्दै गएको, कहिले पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायु जन्य समस्याहरु पनि देखिएकाले यहाका समुदायले जलवायु परिर्वतन तथा जलवायु जन्य समस्या पनि भोग्दै गएको देखिन्छ ।

### ३.१.२ प्रकोप पहिचान तथा स्तरीकरण

समुदायमा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटनाको प्रकोपको सूची तयार गरी धेरैक्षति गर्ने प्रकोप पहिचान गरीएको छ र पहिचान गरिएको प्रकोपको स्तरीकरण यस प्रकार छ ।

गोसाईकुण्ड गाउँपालिकाको समग्र प्रकोप तथा प्रकोपको स्तरीकरण :

| प्रकोप | **भुकम्प** | **आगलागी** | **असिना** | **पहिरो** | **हावाहुरी** | **चट्टयाङ्ग** | **डढेलो** | **बाढी/खहरे** | **सडक दुर्घटना** | **जनावर आतङ्क** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **भुकम्प** | | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प |
| **आगलागी** | | | आगलागी | पहिरो | आगलगी | आगलागि | डढेलो | बाढी/खहरे | सडक दुर्घटना | आगलागी |
| **असिना** | | | | पहिरो | हावाहुरी | चट्टयाङ्ग | डढेलो | बाढी/खहरे | सडक दुर्घटना | जनावर आतङ्क |
| **पहिरो** | | | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| **हावाहुरी** | | | | | | हावाहुरी | हावाहुरी | बाढी | सडक दुर्घटना | जनावर आतङ्क |
| **चट्टयाङ्ग** | | | | | | | डढेलो | बाढी/खहरे | सडक दुर्घटना | जनावर आतङ्क |
| **डढेलो** | | | | | | | | बाढी/खहरे | सडक दुर्घटना | जनावर आतङ्क |
| **बाढी/खहरे** | | | | | | | | | सडक दुर्घटना | जनावर आतङ्क |
| **सडक दुर्घटना** | | | | | | | | | | जनावर आतङ्क |
| **जनावर आतङ्क** | | | | | | | | | | |
| **अंकभार** | **९** | **४** | **०** | **८** | **३** | **१** | **३** | **४** | **६** | **६** |
| **स्तर** | **१** | **४** | **७** | **२** | **५** | **६** | **५** | **४** | **३** | **३** |

हिमपात, महामारी

नोट : नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गरीएको छ ।

यस गाउँपालिकाको प्रकोपको स्तरीकरण गरी विश्लेषण गर्दा भूकम्प पहिलो, पहिरो दोस्रो, जनावर आतङ्क तेस्रो, बाढी र आगलागी चौथो, डढेलो र हावाहुरी पाँचौ, चट्टयाङ्गछैठौं, असीना सातौं प्रकोपका रुपमा रहेका छन् । यसका साथै गाउँपालिकामा गैह्र प्राकृतिकरुपमा सडक दुर्घटना दोस्रो प्रकोपका रुपमा रहेको छ । त्यसैगरीगैह्र प्राकृतिक प्रकोपका रुपमा विद्युतिय दुर्घटना पनि हुने गरेको देखिन्छ । यसैगरी यस गाउँपालिकामा बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता जलवायु जन्य समस्या पनि देखिएको छ ।

## ३.१.३ प्रकोप, मौसमी तथा बालीपात्रो

### क) प्रकोप पात्रो

यसगाउँपालिकामाकुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई निम्नबमोजिमको तालिका तयार पारिएको छः

| प्रकोप | | वैशाख | जेष्ठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| पहिरो | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| डढेलो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढी | पहिले (३० बर्ष) | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **अहिले** | | | | | | | | | | | | |
| **आगलागी** | **पहिले (३० बर्ष)** | | | | | | | | | | | | |
| | **अहिले** | | | | | | | | | | | | |
| **असिना** | **पहिले (३० बर्ष)** | | | | | | | | | | | | |
| | **अहिले** | | | | | | | | | | | | |
| **सडक दुर्घटना** | **पहिले** | | | | | | | | | | | | |
| | **अहिले** | | | | | | | | | | | | |
| **जनावर आतङ्क** | **पहिले** | | | | | | | | | | | | |
| | **अहिले** | | | | | | | | | | | | |

माथि दिइएको प्रकोप पात्रोमा ३० वर्ष अघि र अहिले आउने प्रकोपको समयको बारेमा उल्लेख गरीएको छ। यस प्रकोप पात्रो अनुसार भूकम्पको जोखिम ३० वर्ष अघि र अहिले पनि बाह्रै महिना जोखिम हुने गरेको देखिन्छ। यसैगरी ३० वर्ष पहिले साउन, भदौमा पहिरोको जोखिम हुने गर्दथ्यो भने अहिले असार देखि साउन र भदौमा साथै कुनै वर्ष त असोज सम्म पनि बर्षा संगै जोखिम हुने देखिन्छ भने .भुकम्पले र सडक निर्माणले गर्दा पहिरो जुनसुकै बेला पनि जानसक्ने त्यसमा पनि विषेश गरि चैत र वैशाखमा त सुख्खा पहिरोकोजोखिम बढि हुने उल्लेख गरिएको छ। यसका साथै ३० वर्ष पहिले आगलागि धेरैजस्तो असार र साउनमा हुने गर्दथ्यो जुन बर्षाले भिजेको दाउरा चुल्होमाथी सुकाउने क्रममा हुने गर्दथ्यो भने अहिले जुन महिनामा पनि हुन सक्ने देखिन्छ। विद्युत सेवा विस्तार संगै आगलागीको प्रकृतिमा परिवर्तन भएकोछ। विद्युत सर्ट भएर अहिले कुनैपनि समयमा आगलागी हुने गर्दछ। विद्युत विस्तार संगै चट्याङ बाट हुने क्षति र क्षतिको प्रकृतिमा पनि बृद्धि भएको छ।

## ख)मौसमी पात्रो

गाउँपालिकामा कुन समयमा कस्तो कस्तो मौसम हुन्छ भनेर पत्ता लगाई पात्रो माध्यमबाट समयरेखा तयार गरिएको छ।

| **विवरण** | | **वैशाख** | **जेष्ठ** | **असार** | **साउन** | **भदौ** | **असोज** | **कात्तिक** | **मङ्सिर** | **पुस** | **माघ** | **फागुन** | **चैत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **गर्मि** | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **जाडो** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| | पहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **हिउँ पर्ने समय** | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **मनसून वर्षा** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **हिउँदे वर्षा** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **तुसारो** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **तुवाँलो** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **कुइरो** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

मनसुन विगतमा असारको पहिलोहप्तादेखि शुरुभई भदौ सम्म रहने गरेकोमा हाल कहिले कहिले असार र अधिकांश साउन देखि मात्र सुरुभई असोज सम्मपनि बर्षा हुने गरेको छ र गतबर्ष साउनबाट मात्र बर्षा सुरु भएको थियो । हिउँदे वर्षा विगतमा प्रसस्त हुने गरेकोमा हाल न्यून वर्षा हुन्छ र हावाहुरी बढी चल्ने गरेको छ ।पहिले असोज देखि फागुनसम्म नै जाडो हुनेमा अहिले पनि खासै परिवर्तन देखिएको छैन ।यसैगरी गर्मीको कुरा गर्दा यहाँ खासै गर्मि पहिला पनि हुँदैनथ्यो भने अहिले पनि खासै गर्मि हुने गरेको छैन ।यस गाउँपालिकाको अधिकांश वडाहरुमा बाह्र महिना नै चिसो हुन्छ तर वडा नं ५, स्याफ्रुबेसीमा बैशाख र जेष्ठ महिनामा  गर्मि हुने गरेको छ ।

## ग) बाली र वनस्पति पात्रो

बाली र वनस्पति पात्रो तयार गर्दा समुदायको प्रमुख वाली वा वनस्पतिसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु कुन-कुन समयमा गरिन्छ भनी पत्ता लगाउन निम्न बमोजिमको तालिका प्रयोग गरिएको थियो ।

| **विवरण** | | **वैशाख** | **जेष्ठ** | **असार** | **साउन** | **भदौ** | **असोज** | **कात्तिक** | **मङ्सिर** | **पुस** | **माघ** | **फागुन** | **चैत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मकै लगाउने** | पहिले (३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मकै भित्राउने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **आलु लगाउने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **आलु भित्राउने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **धानको बिउ राख्ने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **धान रोप्ने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **धान काट्ने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **गहुँ लगाउने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **गहुँ भित्राउने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **किवी फल्ने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **तोरी रोप्ने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **तोरी भित्राउने** | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

प्रकोप पात्रो, मौसमी पात्रो तथा बाली पात्रो अनुसार विगतका ३० वर्ष देखि हाल सम्मको अवस्था हेर्ने हो भने सामान्य रुपमा तापक्रममा बिस्तारैहुँदै गएको र पानी पर्ने क्रम पनि कुनै वर्ष कम कुनै वर्ष अत्याधिक अनुमान गर्न मुश्कील हुदै गएको तथा मनसुन वर्षा र हिउँदे वर्षा पनि केही अघि या पछी हुने गरेको देखिन्छ, जसवाट यहाका समुदायले जलवायु परिर्वतन तथा जलवायु जन्य समस्या पनि भोग्दै गएका छन् भन्ने पनि प्रष्ट हुन्छ ।

### ३.२.१.लक्षित समूह छलफलः

समुदायमा रहेका व्यक्तिहरु जस्तै गर्भवती तथा सुत्केरी महिला, बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य सबै वर्गलाई समेटेर छलफल गरिएको थियो । विपद् तथा जलवायु परिवर्तनका कारण यस गाउँपालिकाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलवायुजन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरुमा ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाव एवं भबिष्यको अनुमानका बारेमा छलफल गरि निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ ।

| क.स. | | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **विपद् र विपद्का सवाल** | भूकम्प ३० वर्ष पहिले महसुस नगरिएको | २०७२ सालको भूकम्पले जनधनको क्षति गरेको | भौगोलिक तथा भौगर्भिक | कमजोर संरचना | भवन निर्माण संरचना अनुसार घर तथा भौतिक संरचना निर्माण गर्ने , समुदायमा सचेतना फैलाउने | |
| | | पहिरोको जोखिम रहेको | भूकम्प तथा सडक संरचनाले पहिरो निम्त्याएको | भूकम्प तथा अव्यवस्थित सडक | जनचेतनाको कमी | पहिरो नियन्त्रण पहल गरिनु पर्ने , जनचेतना फैलाउने | |
| | | खडेरी | हाल वर्षहरुमा बढ्दै गएको | जलवायु परिर्वतन तथा भूकम्पका कारण मुहानहरु सुकेका | सुख्खा बढ्दै गएको | खडेरी अनुकुलको कृषि विउविजनको सुरुवाद, तथा पानी सिचाई र आकासे पानी संकलन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चट्याङले क्षति गर्ने गरेको | हाल चट्याङको जोखिम बढ्दै गरेको | विद्युतिय संरचनाको अव्यवस्थित प्रयोग | जनचेतनाको कमी | विद्युतिय संरचनाको व्यवस्थित प्रयोग गर्ने तथा समुदायमा जनचेतना प्रवाह गर्ने | |
| | | आगलागी क्षति गर्ने गरेको | हाल पनि आगलागी क्षति बढ्दै गरेको | विद्युतिय संरचनाको, वन नजिक बस्ती, लापरवाही | जनचेतनाको कमी | जनचेतना प्रवाह गर्ने, सामुदायिक वनमा आगलागी हुन तथा डडेलो लाउन नदिने | |
| | | हुरीवतासले सामान्य क्षति गर्ने गरेको | हालका वर्षमा हुरीवतासको जोखिम बढेको | भूकम्प पछि अस्थायी त्रिपाल र टहरामा बस्नु पर्ने बाध्य | कमजोर जस्ता पाताहरु | पुन निर्माणका काम छिटो हुनु पर्ने तथा सचेतना फैलाउन पर्ने | |
| २ | **जीविकोपार्जन तथा खाद्य सुरक्षा** | जीविकोपार्जनको लागि ३० वर्ष पहिले अधिकासं समुदाय कृषि पेशमामा आश्रीत रहेने गरेको स्थानीय जातका धान मकै गहुँ आदि उत्पादन हुने | हालका दिनमा कृषि तथा पशुपालनको व्यवसाहीक उत्पादन बढ्न गएको तर कृषिमा राशायानीक मलहरुको | उत्पादन बढाउन राशायानीक मलहरुको प्रयोग हुने | जनचेतनाको कमी तथा लापरवाही | कृषिमा आधुनिककीकरण गर्नु पर्ने, तालिमा तथा औजारहरुको व्यवस्था गर्नु पर्ने, समुदायमा कृषि प्राविधिकहरु खटाउनु पर्ने पछिला वर्षहरुमा सुन्तला जन्य | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गरेको, कृषि तथा खाद्य उत्पादन सम्बन्धी सचेतना तथा प्रविधिका विकास धेरै नभएको | बढी प्रयोग हुन थालेको, व्यवसाही रुपमा नै तरकारी खेती हुने गरेको तथा राशायानीक मल तथा विषादीको प्रयोग बढ्न थालेको, सुन्तला जन्य फलफुलको किराबढी लाग्ने कुहीन थालेको, धान, मकै, गहुँ कोदोमा पोके तथा किरा लाग्ने गरेको | | | फलफुलमा किरालाइने तथा कुहुने मुल कारण पत्तालागाई दियो समाधान गरिनु पर्ने | |
| ३ | **मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी** | मानव स्वास्थ्य अवस्था सामन्य ,सरसफाइको अवस्था पनि न्यून रहेकाले महामारीको वृद्धि भएको, | मानव स्वास्थ्य अवस्थामा सुधार भएको, खानेपानीको अवस्था राम्रो भएको, | शिक्षा तथा आधारभूत स्वास्थ्य सेवाको उपलव्धता, शिक्षा तथा जनचेतनाक ो कारण | अन्धविश्वास, रुढीवादी परम्पराको पालना नगर्ने, पानी शुद्धिकरणमा गरी पिउने | शिक्षा, स्वास्थ्य तथा खानेपानीमा सबैको पहुँच पुऱ्याउने, पानीको मुहानको सरसफाइ र शुद्धिकरण बारे ज्ञान दिने, खानेपानीको मुहानको खोजी गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | धामी झांक्रीमा विश्वास | सरसफाइको अवस्थामा सुधार आएको, धामी झांक्रीमा विश्वास नगर्ने | सरसफाइक ो अवस्थामा सुधार भएको | | | |
| ४ | **वन तथा जैविक विविधता** | घना जङ्गल, जनावर तथा पशुपन्छी र जडिबुटीको सँख्या प्रशस्त हुन्थ्यो, अलैचीको उत्पादन राम्रो भएको, | जङ्गली जीवजन्तु लोप हुदै गएको, जडिबुटीको कमी , डडेलो बढी लाग्ने गरेको, अलैचीको उत्पादन घटेको, सेतोबनमारा ढेडुफुलेले समस्या पर्ने गरेको | जनसँख्या वृद्धि, जनचेतनाको कमी, बसाईसराइ, वातावरण प्रदुषण | जनसँख्या वृद्धि, वनजङ्गल फडानी | वृक्षारोपण गर्ने जङ्गलको सही सदुपयोग गर्ने, बृहत रुपमा जनचेतनाको कार्यक्रमहरु सञ्चालन गर्ने, अलैची लाग्ने डडुवा र गवारोको समाधान खाजिनु पर्ने, सेतोवनमाराले पारेको समस्याको समाधान गरिनु पर्ने | |
| ५ | **जलश्रोत तथा उर्जा** | प्रशस्त मात्रामा पानीका मुहानहरु, पोखरी, खोलानाला भएको, काठ दाउराको | पानीका मुहानहरु सुक्दै जानु, विभिन्न जेनेरेटर तथा विद्युत शक्तिको वृद्धि | भूकम्प तथा पहिरो | भूकम्पका कारण पानीका मुहानहरु सुक्नु | वृक्षारोपण गर्ने, पानीका मुहानहरु तथा वनजङगलको सँरक्षण तथा सम्बर्धन गर्ने, सुरक्षित तरीकाले | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अत्याधिक प्रयोग, | भएको, LPgas, गोबर ग्यासको अत्याधिक प्रयोग, भूकम्प पछि पानीको मुहान सुकेको | | | उर्जा शक्तिको व्यवस्थापन गर्ने | |

जीविकोपार्जनको लागि ३० वर्ष पहिले अधिकांश समुदाय कृषि पेशमा आश्रीत रहेने गरेको स्थानीय जातका धान मकै गहुँ आदि उत्पादन हुने गरेको हालका दिनमा कृषि तथा पशुपालनको व्यवसाहीक उत्पादन बढ्न गएको तर कृषिमा राशायानीक मलहरुको बढी प्रयोग हुन थालेको, व्यवसायीक रुपमा नै तरकारी खेती हुने गरेको तथा राशायानीक मल तथा विषादीको प्रयोग बढ्न थालेको, फलफुलमा किराबढी लाग्ने कुहीन थालेको, धान, मकैमा पोके तथा किरा लाग्ने गरेको तथा जङ्गली जीवजन्तु लोप हुदै गएको जस्ता समस्याहरु देखिएको छ ३० वर्ष पहिले तथा हालको अवस्थाहरु हेर्दा यस समुदायमा जलवायु जन्य समस्याहरु बढ्दै गएको देखिन्छ ।

## ३.२.२ जोखिम र समस्या विश्लेषण

गाउँपालिकाभित्र हुने प्रकोप, त्यसको कारण र प्रभावको पहिचान गरिएको छ । यसको लागि उल्लिखित सबै खालका प्रकोप, जोखिमको पहिचान, प्रकोप हुने महिना र ऐतिहासिक समयरेखाको आधारमा
प्रकोपको आवृत्ति र त्यसको मूल कारण तथा सम्भावित समाधानका उपायहरू के के हुन सक्छन भनेर पहिचान गरी निम्नबमोजिमको ढाँचामा उल्लेख गरिएको छ ।

| **क.स.** | **समस्या वा प्रकोप** | **वडा गाउँ तथाटोल ,** | **कारण** | **कारक तत्व** | **प्रभाव** | **सम्भावित समाधानका उपायहरु** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | **भूकम्प** | समग्र गाउँपालिका | ● भौगोलिक कारण<br>● भैगर्भिक कारण<br>● कमजोर भौतिक संरचना<br>● जनचेतनाको कमी | ● कमजोर भौतिक संरचना<br>● जनचेतनाको कमी तथा लापरवाही | ● मानिसको मृत्यु हुने तथा घाईते हुने<br>● खानेपानीको अभाव सृजना हुने<br>● मनोवैज्ञानिक असर<br>● बासस्थानको विनास<br>● खाद्यान्नको अभाव | ● भूकम्प सम्बन्धी जनचेतना फैलाउने<br>● समुदायमै प्राथमिक उपचार सम्बन्धी ज्ञान दिने<br>● भवन निर्माण संहिता अनुसार भौतीक संरचनाहरू बलियो बनाउने<br>● समुदायमा खोज तथा उद्धार गर्न सक्ने जनशक्ति तथा सामग्री तयार गर्ने |
| २ | **पहिरो** | वायसा,च्याङवाङगो, मेन्दोगाङ, धुइफुङ जङगल, मुलखार्का, याङछयाङ, खार्माचेत, घिघाङ, विमाली, केव, रिसाङ डाडा, ब्रबाल भीर,स्याफ्रुबेशी बजार, बम्बु जस्ता भौगोलिकरुपले विकट तथा नाङ्गा डाँडा पाखाहरु तथा भुकम्प प्रभावित भीर पाखाहरुमा पहिरो | ●अव्यवस्थित सडक निर्माण<br>●वन जङ्गल विनास<br>●वन डडेलो | ●वनजङ्गल फडानी,<br>●खोला नालाको कारण,<br>●भिरालो जमिनमा गरा नबनाइ खेती गर्नाले | ●पानीको मुल नजिकबाट बाटो लैजानाले पहिरो गएको<br>●जनधनको क्षति<br>●बासस्थानको क्षति<br>●खेतबारी पुरीएको र बगाएको | ●वृक्षारोपण गर्ने<br>●कुलोको मर्मत गर्नुपर्ने<br>●बाधँ बाधेर ग्याविन लगाउने,<br>●जोखिमपूर्ण स्थानमा तारजाली तथा मेशिनेरी वाल लगाउने<br>●भिरालो जमिनमा गरा बनाएर खेती गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | **चट्याङ** *एतिहासीक समय रेखामा छैन* | | ● प्राकृतिक कारण<br>● कमजोर विद्युतिय संरचना<br>● सुरक्षा सम्बन्धी सचेतनाको कमी | ● घर तथा भवनहरूमा कमजोर वायरीङ तथा अर्थिङ्ग हुनु<br>● विद्युतीय साधनको अव्यवस्थित प्रयोग | ● मानिस घाईते हुनु<br>● विद्युतीय तारहरुको क्षति | ● बिजुलीका खम्बा तथा तारहरु व्यवस्थित गर्ने<br>● चट्याङ्का समयमा ठूला रूख तथा विद्युतिय टावरको नजिक नबस्ने<br>● घर तथा भवनहरूमा वाईरिङ तथा अर्थिङ्ग गर्ने<br>● चट्याङ्का समयमा खुल्ला स्थान खाली खुट्टा नबस्ने तथा पौडी खेल्ने खोला तर्ने जस्ता काम नगर्ने भनी जनचेतना फैलाउने |
| ५ | **हुरीवतास** | थुमन, वृद्धिम, धुन्चे वडाका गाउँहरुमा | ● मौसमी कारण<br>● जलवायु परिवर्तन | ● कच्ची तथा अव्यवस्थित घरहरु | ● घरका छानाहरु उडाउने<br>● रुखहरु ढल्ने<br>● बालिनालि नष्ट | ● घरका छानाहरु व्यवस्थित बनाउने<br>● हुरीवतासले पुऱ्याउन सक्ने असर तथा क्षतिको बारेमा समुदायलाई जानकारी गराउने<br>● वनजङ्गलको संरक्षण गर्ने |
| ६ | **आगलागी** | थुमनको जंगलमा बर्षेनी डढेलो लाग्ने गर्दछ । बृदिम क्षेत्र, च्याङवल र ठूलो स्याफ्रु जस्ता बाक्लो बस्ती भएका ठाउँहरुमा आगलागीका घटनाहरु दोहोरीरहने गर्दछन् । | ● लापरवाही<br>● जनचेतनाको अभाव<br>● कमजोर विद्युतिय संरचना<br>● सामुदायिक वन नजिकका बस्ती बढी जोखिममा | ● विद्युतीय स्रोतको असावधानीपूर्वक प्रयोग<br>● आगोको अव्यवस्थित प्रयोग,<br>● सलाइ, लाइटर, तथा आगोजन्य वस्तुहरु अव्यवस्थित रुपले राख्नाले | ● जनधनको क्षति<br>● वन्यजन्तुको क्षति<br>● बासस्थानको क्षति<br>● वनजङगलको नाश | ● आगलागी सम्बन्धी जनचेतना फैलाउने<br>● विद्युतीय उपकरणको जडान गर्दा सावधानी अपनाउने<br>● विद्युतिय संरचना तथा ग्यास सिलिण्डरको प्रयोगमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सावधानी अपनाउनु<br>● बालबालिकाले पुग्ने स्थानमा सलाइ, लाइटर, तथा आगोजन्य पदार्थहरु नराख्ने, |
| ६ | **बाढी** | स्याफ्रुबेसीमा भोटेकोशी किनारका बस्ती साथै पाखा बारी | ● अतिवृष्टि<br>● मौसमी कारण<br>● खहरेबाढीका कारण ढल कटान व्यस्थित गर्न नुसक्नु | ● अव्यवस्थित विकास,<br>● विकास योजनामा ध्यान नदिनु,<br>● भूव्यवस्थापन नहुनु<br>● खोला बढ्नाले | ● घर लगायत लगाएका बालीनाली नष्ट, तथा बालीनाली लगाउन गाह्रो,<br>● मनोबैज्ञानीक असर, | ● ग्याविन लगाउने तथा बाँध बाध्ने<br>● खाली स्थानमा वृक्षारोपण गर्ने<br>● खोला वरिपरी तटबन्ध लगाउने<br>● वनजङ्गल संरक्षण गर्ने<br>● बाढी आएका बेला अपनाउनुपर्ने उपायका बारेमा समुदायमा जानकारी दिने |
| ७ | **जनावर आतंक** | जंगल क्षेत्र आसपास भएका बस्तीहरु जस्तै सेपा गाँउ र थुमनका प्राय टोलहरु | ● बस्ती नजिक वन जङ्गल हुनु तथा जङ्गलमा तारबार नहुनु,<br>● जनावरको आहारको क्षती | ● जङ्गल व्यवस्थित नहुनु<br>● समुदायमा मानिसहरु जनसंख्या कम हुदै जानु | ● बस्ती असुरक्षित<br>● मानिस घाईते हुनु<br>● घरपालुवा जनावरलाई आक्रमण गरि मार्ने | ● जङ्गलअतिक्रमण नगर्ने<br>● साईरनको व्यवस्था मिलाउने<br>● रातको समयमा सके सम्म घर बाहिर ननिस्कने<br>● वनकार्यालयसंग छलफल तथा समन्वय गर्ने<br>● कृषि योग्य जमिनमा तारबार लगाउने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | हिमपात | मेन्दो, थुमन | ● प्राकृतिक, भुस्थलाकृती | ● पशु तथा मानव स्वास्थ्य, जिवीकोपार्जन मा कठिनाइ | | ● जनशाक्तिको व्यवस्थापन, सुरक्षा निति, स्वास्थ्य क्षेत्र विकास |

## ३.३गाउँपालिकाको क्षमता विश्लेषण

यस गोसाइकुण्डगाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको छ। यसले गर्दा समुदायलाई विपद्सँग सामना गर्ने क्षमता विकासमा सहयोग गर्नेछ। यस विपद् व्यवस्थापन समितिलाई विपद् सम्बन्धी विभिन्न तालिमहरु प्रदान गरी समीती सदस्यहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ। यसका साथै विपद् व्यवस्थापन समितिलाई सक्षम बनाउनका लागि आपत्कालिन कोषको परिचालन गरी त्यसको बढावा गर्न सके विपद् व्यवस्थापन समितिको क्षमता बढ्ने देखिन्छ। यस गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू जसले यस क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र समुदायको क्षमता बढाउने कामहरू गरिरहेका छन्। यस गाउँपालिकामा रहेका विभिन्न राजनीतिक दल तथा समुहहरू, आमा समुह, महिला समुह, विभिन्न बचत समुह तथा कृषि समुहहरू, गाउँपालिका भित्रका युवा तथा बाल क्लवहरूलाई यस गाउँपालिकाको क्षमता मान्न सकिन्छ। यसैगरी यस गाउँपालिकामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत समुदाय पनि छन् जसको ज्ञान तथा सिप विपद् व्यवस्थापनमा प्रयोग हुन सक्छ।

यसका साथै यस गाउँपालिका भित्रका खुल्ला क्षेत्रहरू, पानीको स्रोतहरु तथा मुहानलाई पनि क्षमता मान्न सकिन्छ। यस गाउँपालिकामा भएका विभिन्न क्षेत्रहरूमा पहुँचवाला समुदायका व्यक्तिहरू यस गाउँपालिकाका क्षमता हुन्। यस गाउँपालिकामा रहेका सिकर्मी तथा डकर्मीहरूले स्थानीय सीप र आफ्नै क्षमता र दक्षताको आधारमा काम गर्ने गरेका छन् उनीहरूमा भूकम्प प्रतिरोधी सँरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नु पर्ने देखिन्छ। यसैगरी यहाँ भएका दक्ष जनशक्तिको रुपमा तालिम प्राप्त पौडीबाज, तालिम प्राप्त स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता, तालिम प्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, स्वयंसेवक, सिकर्मी, डकर्मीहरुको सीप विपद्का बेला प्रयोग गर्न सकिन्छ, त्यसैले यसलाई क्षमता मान्न सकिन्छ।

## ३.३.१ स्रोतको उपलब्धता तथा पहुँच

| विवरण | वडा नं.- १ | वडा नं.-२ | वडा नं.- ३ | वडा नं.- ४ | वडा नं.- ५ | वडा नं.- ६ |
|---|---|---|---|---|---|---|
| **भौतिक स्रोत** | | | | | | |
| पुल | २ | | | | | ९ |
| सडक | १ | | | | | ५ |
| बाँध | १ | | | | | ६ |
| विद्यालय भवन | ३ | | | | | |
| सुरक्षित आवास तथा स्थान | २ | | | | | १ |
| सामुदायिक चर्पी | | | | | | |
| सञ्चारका साधन | | | | | | |
| यातायतका साधन | | | | | | |
| पूर्वसूचना प्रणाली | | | | | | |
| लाइफ ज्याकेट | | | | | | |
| डुङ्गा | | | | | | |
| **मानव संसाधन** | | | | | | |
| आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | ५०-६० | | | | | |
| जिल्ला विपद् प्रतिकार्यसम्बन्धी तालिम प्राप्त जनशक्ति | | | | | | |
| तालिम प्राप्त पौडीबाज | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तालिम प्राप्त स्वयंसेवक | | | | | | |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | ९ | | | | | |
| तालिम प्राप्त कृषि प्राविधिक | | | | | | |
| शिक्षक | १२ | | | | | ३४ |
| कर्मचारी | ६ | | | | | |
| स्वयंसेवक | | | | | | |
| सिकर्मी | | | | | | |
| डकर्मी | | | | | | |
| इन्जिनियर | | | | | | |
| डाक्टर | | | | | | |
| नर्स | | | | | | |
| **सामाजिक स्रोत** | | | | | | |
| सामुदायिक भवन | ३ | | | | | ३ |
| पाटी पौवा | | | | | | १ |
| खानेपानी वितरण धारा | १३ | | | | | १५ |
| मठ मन्दिर | | | | | | |
| **सामाजिक संरचना** | | | | | | |
| महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरुको समूह | | | | | | ३ |
| आयआर्जनमा सक्रिय महिला समूह सहकारी | | | | | | |
| निर्णय तहमा भएका महिला | | | | | | |
| शैक्षिक अवस्था (म/पु) | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **आर्थिक स्रोत** | | | | | | |
| व्यापार व्यवसाय | २२ | | | | | |
| उद्योग कलकारखाना | २ (हाइड्रो) | | | | | २ |
| नोकरी | | | | | | |
| बचत समूह | | | | | | |
| विपद् व्यवस्थापन कोष | | | | | | |
| बैंक तथा वित्तीय संस्था | | | | | | |
| पशुपालन | १५ | | | | | |
| **प्राकृतिक स्रोत** | | | | | | |
